"सामाजिक सुशासन, आर्थिक सम्वृद्धि र जनसहभागिता सहितको दिगो विकास
स्वास्थ्य, शिक्षा, रोजगारयुक्त र समाजवाद उन्मुख नगरपालिका हाम्रो निकास"

# मुसिकोट गतिविधि

मासिक बुलेटिन



बर्ष १ अंक ३ माघ २०७७

## मुसिकोटमा 'छोरी खाता' सञ्चालन

मुसिकोट नगरपालिकाले 'छोरी खाता कार्यक्रम' सञ्चालनमा ल्याएको छ। कार्यक्रम अन्तर्गत आर्थिक वर्ष ०७६/०७७ को साउन महिना देखि हालसम्म ३ सय भन्दा बढी जनाको छोरी खाता सञ्चालन गरिएको छ। वालविवाह नियन्त्रण गर्ने उद्देश्यले कर्णाली प्रदेश सरकारद्वारा लागु गरिएको छोरी खाता सञ्चालन कार्यक्रममा माघ महिनाको अन्तिम सम्म ३ सय १९ जनाले खाता संचालन गरेको मुसिकोट नगरपालिकाले जनाएको छ।



कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा बसोबास गर्ने आमाहरूबाट आर्थिक बर्ष ०७६/०७७ को श्रावण यता जन्मिएका छोरीहरूको खाता सञ्चालन गरिएको मुसिकोट नगरपालिकाको राष्ट्रिय पञ्जीकरण शाखाकी एम.आइ.एस.कम्प्युटर अपरेटर दुबिधा ओलीले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेश सरकारले पहिलो महिनामा एक हजार र त्यस पछिका हरेक महिनामा पाँच सयका दरले उक्त खातामा पैसा जम्मा गरिदिने छ। त्यसका लागि खाता सञ्चालन भएको व्यक्ति २० बर्ष नपुग्दासम्म बिहे गर्न भने पाइने छैन। उमेर पुगेर मात्र बिहे गर्ने संस्कारको विकास होस् भन्ने उद्देश्यले उक्त कार्यक्रम ल्याईएको मुसिकोट नगरपालिकाका उप-प्रमुख प्रेम कुमारी सुनारले जानकारी दिनुभयो। उक्त कार्यक्रम अनुसार खातामा जम्मा भएको पैंसा छोरी २० बर्षको पुगेपछि मात्र आफैले निकासा गर्न मिल्ने छ। उप-प्रमुख सुनारले बालविवाह रोक्न, बालविवाहले निम्त्याउने समस्याहरू हटाउन र सबैलाई कानूनी रूपमा सचेत गराउँन कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो।

'बैंक खाता छोरीको सुरक्षा जीवनभरिको' भन्ने नाराका साथ

कार्यक्रमको लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय तथा सहकार्य गरेको छ। रुकुम पश्चिममा पनि वालबिवाह बढी मात्रामा हुने गरेको छ।

## सहुलियत कर्जाका लागि धमाधम सहकार्य समुह दर्ता

व्यवसायीक रूपमा कृषि गर्न चाहने यहाँका किसानहरूले धमाधम कृषक सहकार्य समुह गठन गरिरहेका छन्। मुसिकोट नगरपालिकाले सहुलियत ऋण कर्जा प्रवाहको लागि ग्लोबल आइएमई बैंकसँग सम्झौता गरेपश्चात कृषक सहकार्य समुह गठन हुन थालेका हुन्।

माघ मसान्त सम्म सहुलियत ऋण कर्जा प्राप्त गर्नको लागि मुसिकोट नगरपालिकामा चार सय ४३ वटा कृषक सहकार्य समुह दर्ता भएका छन्। नगर क्षेत्रमा रहेका किसानहरूले कृषि ब्यवसाय सञ्चालन गर्न आर्थिक अभाव रहेको कुरालाई मध्यनजर गर्दै उक्त समस्या समधानका लागि नगरपालिकाले ग्लोबल आइएमई बैंकसँग सम्झौता गरेको थियो। व्यवसायीक कृषि गर्नलाई सहुलियत ऋण कर्जा मागको लागि चार सय ४३ वटा कृषक सहकार्य समुह नगरपालिकामा दर्ता भएको जनाईएको छ।

नगरपालिकाको पशु सेवा शाखामा तीन सय ११ वटा र कृषि शाखामा एक सय ३२ वटा कृषक सहकार्य समुह दर्ता भएका छन्। पशु सेवा शाखामा दर्ता भएका समुहले बाख्रापालन, भैंसीपालन, बंगुरपालन, माछापालन तथा कुखुरापालन ब्यवसाय सञ्चालन गर्नका साथै दुग्ध तथा मासुजन्य उत्पादन ब्यवसाय सञ्चालन गर्न समुह दर्ता गरेको शाखा प्रमुख सरस्वती सापकोटाले जानकारी दिनुभयो। त्यसैगरि कृषि शाखामा दर्ता भएका समुहले बीउ उत्पादन, तरकारी उत्पादन र फलफूल खेती गर्न आफ्नो समुह दर्ता गरेको कृषि विकास शाखा प्रमुख प्रेमबहादुर खत्रीले जानकारी दिनुभयो। दुवै शाखामा दर्ता भएका कृषक सहकार्य समुहलाई ब्यवसायीक योजना सहित नगरपालिकामा आउँन नगरपालिकाले अनुरोध गरेको छ। आफ्नो ब्यवसायीक योजना सहित नगरपालिकामा आएमा सहुलियत ब्याजमा नगरपालिकाले प्रति कृषक २ लाखसम्म सहुलियत ऋण कर्जा उपलब्ध गराउने छ। नगरपालिकाले एक सहकार्य समुहमा पाँच जना सम्म किसान रहन सक्ने जनाएको छ। यस कार्यक्रमबाट लगानी अभावमा

# 'सडक कालोपत्रे र प्राविधिक शिक्षालय स्थापना' मेरो प्राथमिकतामा छन्' खड्का:



'२ नम्वर वडामा १५ किलोमिटर नयाँ सडक बनेकोछ, ३५ किलोमिटर पुरानो सडक मर्मत भएको छ । सबै बिद्यालयका भवन तथा खेलमैदान निर्माण भएका छन्, सबै टोलमा बिद्युत लाइन बिस्तार भएको छ । स्वास्थ्य भवन निर्माण, एक घर एक धारा कार्यक्रम बिस्तार, सिंचाइ कुलो निर्माण तथा मर्मत, कृषि सामाग्री वितरण, जेष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण तथा सम्मान, निशुल्क रूपमा एक घर एक फलफूलको बिरुवा बितरण पनि भएको छ । गरिब, बिपन्न परिवारलाई राहात बितरण, बेरोजगारहरूलाई कम्तीमा १ सय दिन बराबरको रोजगारी, खेलकुद र प्रर्यटन प्रवर्द्धनका काम भईरहेका छन् ।'

**- काँशिराम खड्का**

**वडा अध्यक्ष, २ नम्वर वडा कार्यालय**

## पछिल्लो समय वडा सरकार के, कसरी चलिरहेको छ ?

हाम्रो मुसिकोट नगरपालिका वडा नम्वर २ को वडा सरकारले नेपाल सरकारको नीति विधि अनुसार जनतालाई दिने सेवा छिटो छरितो गरेका छौं, प्रत्येक महिना वडा सरकारको मासिक बैठक बसेर महिनाभरका कामको समिक्षा गर्ने गरेका छौं । वडा सरकारलाई चलायमान गराउँन वडामा भए गरेका विकास निर्माणका कार्यदेखि लिएर वडा कार्यालयमा दैनिक हुने कार्यहरूको समिक्षा, विवादहरूको निरूपण, दैनिक प्रशासनिक कार्यहरू गर्दै वडामा कामकाज भईरहेको छ ।

## तपाई निर्वाचित भएदेखि हालसम्म भएका महत्वपूर्ण कामहरु के के हुन् ?

हामीहरू २०७४ सालमा निर्वाचित भएदेखि मुसिकोट नगरपालिका वडा नम्बर २ का बिभिन्न ठाउँहरूमा विभिन्न किसिमका विकासका कामहरू भएका छन् । जस्तैः वडामा १५ किलोमिटर नयाँ सडक निर्माण भएको छ भने ३५ किलोमिटर पुरानो सडक मर्मत भएको छ । वडामा रहेका सबै बिद्यालयका भवन तथा खेलमैदान निर्माण, वडाका सबै टोलहरूमा बिद्युत लाइन बिस्तार, स्वास्थ्य भवन निर्माण, एक घर एक धारा कार्यक्रम बिस्तार, सिंचाइ कुलो निर्माण तथा मर्मत, कृषकलाई ५० प्रतिशत अनुदानमा कृषि सामाग्री वितरण, जेष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण तथा सम्मान, प्रत्येक बर्ष कृषकका लागि निशुल्क रूपमा एक घर एक फलफूलको बिरुवा वितरण लगायतका थुप्रै कामहरू भएका छन् । त्यति मात्र होइन, कोरोना भाईरसको महामारी सुरुवातीको बखत गरिब, बिपन्न परिवारलाई राहात वितरण र बेरोजगारहरूका लागि प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कम्तीमा १ सय दिन बराबरको रोजगार दिएका छौं । त्यसैगरि पर्यटन प्रबर्द्धन र खेलकुदका लागि पनि महत्वपूर्ण कामहरू भएका छन् ।

## गर्नैपर्ने कामहरु के के छन् ?

हाम्रो वडामा हामीले गर्नुपर्ने कामहरू त अझै थुप्रै छन् । बिशेष गरि वडामा रहेका मुख्य सडकहरूको स्तरोन्नती एवम् कालोपत्रे गर्नुपर्ने, वडामा प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने काम मुख्य प्राथमिकतामा रहेका छन् । स्वास्थ्य र शैक्षिक क्षेत्रमा थप सुधार, लक्षित वर्गमा थप प्रभावकारी कार्यक्रम, जनताका मागहरूको आवश्कताहरूको प्राथमिकरण र सम्बोधन लगायत वडामा रहेका अन्य अधुरा र अपुरा योजनाहरू पनि पुरा गर्ने देखिन्छ ।

## सोच जसरी भएन भन्ने गुनासोलाई कसरी सम्बोधन गर्नुहुन्छ ?

हामीले सकेसम्म र लागेपुगेसम्म वडाबाट हुने कामकाजहरू निरन्तर र सरल रूपमा गरिरहेका छौं । तरपनि कतिपय कामकाजहरू भनेजसरी हुन नसकेको साँचो हो । ति कामहरू हुन नसक्नुको कारण राजनैतिक पुर्वाग्रह हुनु, अपर्याप्त बजेट हुनु, छोटो समयमै सिमित श्रोत साधनबाट काम सम्पन्न गर्नुपर्ने बाध्यता हुनु, उपभोक्ताहरूले श्रमदान गर्न नमान्नु लगायत नै हो । त्यसका अलावा तीन तहका सरकारका कतिपय नीति नियमहरू पनि एक अर्कामा बाभिनुका साथै नीति नियम एकातिर हुदाँहुदै पनि अर्कोतिर ब्यवहारिक रूपमा काम गर्न खोज्नु भनेजसरी काम हुन नसक्नुको कारण हुन् जस्तो लाग्दछ । यो समस्या सबैले बुझिदिनुहुनेछ भन्ने विश्वास छ ।

## काम गर्दाका समस्याहरु समाधान कसरी गर्न सकिन्छ ?

काम गर्दा सामान्य समस्या उत्पन्न हुनु स्वभाविकै हो । समस्याले समाधानको बाटो पनि पहिल्याउन मद्धत गर्दछ । तरपनि हामीले हरेक कामकाज गर्दा राजनैतिक रूपमा पूर्वाग्राही नभई अलि माथी

उठेर नीतिगत रूपमै एउटा लक्ष्य र उद्देश्य सहित योजनबद्ध ढङ्गले लाग्ने हो भने समस्याहरू सजिलै हल हुन सक्छन् भन्ने लाग्दछ। व्यक्तिगत स्वार्थ भन्दा सामाजिक हितलाई प्राथमिकता दिन जरुरी छ। उता, स्थानीय सरकारलाई बलियो मान्ने तर, श्रोत साधन खुम्च्याएर यता पठाउने र ठुलो हिस्सा माथी नै राख्ने व्यवस्था सुधार हुनुपर्छ।

## वडा सरकार प्रति जनताले के आशा अपेक्षा छन् ?

जनताले स्थानीय सरकारप्रति थुप्रै आशा अपेक्षा गरेका छन्। घर घरमा रोजगार होस् अनि हरेक टोलमा ब्यवहारिक र वैज्ञानिक शिक्षा सञ्चालन होस्, गास, बास, कपास, शिक्षा, स्वास्थ्य सेवा सरल र सहज होस्। त्यति मात्र होइन, एक ठाउँबाट अर्को ठाउँमा जाँदा बाटोमा सजिलै गाडी गुड्ने होस्। सबै जनताहरू पानी, बत्ति र फोन, इमेल तथा इन्टरनेट जस्ता अति आवश्यक बस्तुको पहुँचमा पुगुन्। जनताले हामीबाट यहि आशा गरेका छन्।

## अन्तमा, तपाइले वडा सरकारको हैसियतले जनतालाई केहि भन्नु छ ?

वडा सरकारको हैसियतले जनतालाई म के भन्न चाहान्छु भने हालसम्म जे जति विकास निर्माणका कामकाजहरू भएका छन्, ति सबै वडावासीकै इच्छा, चाहना र मनोभावना बमोजिमकै हुन्। कसैपति पुर्वाग्राही नबनेर, सबैको समस्यालाई समान रूपले हेरेर कामकाज गर्ने कोशिस गरेको छु। ति काम गर्दा यहाँहरूले गरेको साथ, सहयोग र सहकार्यका लागि सबैलाई धन्यवाद दिन चाहान्छु। यति हुदाँहुदै पनि कतिपय कामहरू गर्दा स्थानीय सरकारको नीति, नियम र परिधिभित्र रहेर काम गर्नुपर्ने बाध्यता छ, एकाध ब्यक्तिको इच्छा आंकाक्षा पुरा नहुन पनि सक्छ। ति कामहरू वडा सरकारको तर्फबाट हुन सक्ने र गर्न सक्ने भएमा आगामी दिनमा कुनै कन्जुस्याँई नगरि छिटो छरितो सेवा दिने प्रतिबद्धता गर्दछु। विकासमा सबैको साथ, सहयोग र सहकार्यका लागि पनि हार्दिक अपिल गर्दछु। साथै यस २ नम्बर वडालाई नमुना वडा बनाउन यहाँहरूले पनि सक्रिय भूमिका खेल्नु हुनेछ भन्ने कुरामा विश्वास लिएको छु।

## आधारभूत बिद्यालयमा दिवा खाजा कार्यक्रम


मुसिकोट नगरपालिकामा दिवा खाजा कार्यक्रम सुरुवात भएको छ। नगरपालिका क्षेत्रमा रहेका बालविकास केन्द्र देखि ५ सम्मका आधारभूत बिद्यालयहरूमा दिवा खाजा कार्यक्रम सुरुवात भएको हो। सानो कक्षाका बिद्यार्थीहरूको अनुपातमा बृद्धि गर्ने, पढाईमा आकर्षित गर्ने र बिद्यालयमा बिद्यार्थी संख्या बढाई राख्ने लगायतका उद्देश्यले दिवा खाजा कार्यक्रम लागु गरेको नगरपालिकाले जनाएको छ।

दिवा खाजा कार्यक्रमले बिभिन्न जंकफुडलाई निरुत्साहित गर्नेछ। चाउचाउ, बिस्कुट जस्ता जंकफुडको प्रयोगलाई हटाउन स्थानीय स्तरमै उत्पादन गरिएको आलु, केराउ, चना, अण्डा, हलुवा, खिर, फ्राइराइस तथा फलफूल जस्ता चिजबस्तुबाट हरेक दिन भिन्न भिन्न परिकार तयार गरि बिद्यार्थीलाई खाजाको रूपमा खुवाउने नगरपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख बिनाराम खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार नगरपालिकाले नगर क्षेत्रमा रहेका ५४ बिद्यालयमा बालविकास केन्द्र देखि ५ सम्मका विद्यार्थीहरू अहिलेलाई यस कार्यक्रमबाट लाभान्वित हुनेछन्। नगरपालिकाको तथ्यांक अनुसार वालविकास केन्द्र देखि ५ कक्षा सम्मका चार हजार चार सय ४५ जना वालवालिकाहरूलाई दिवा खाजा कार्यक्रम उपलब्ध गराईने छ।

संघिय सरकारको शसर्त अनुदान कार्यक्रम अनुसार दिवा खाजा कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले प्रति बिद्यार्थी दैनिक १५ रूपैयाँका दरले हुन आउने रकम बिद्यालयलाई उपलब्ध गराउँनेछ। सोहि रकमबाट बिद्यालयहरूले बिद्यार्थीलाई दैनिक खाजा खुवाउने ब्यवस्था गर्ने गरेका हुन्। नगरपालिकाले गरेको यस्तो निर्णय र व्यवस्थालाई बिद्यार्थीहरूले खुशिका साथ ग्रहण गरेका छन् भने अभिावकहरूले पनि सकारात्मक प्रतिक्रिया दिएका छन्।

### सामाजिक सुरक्षा कार्यक्रम:

- सरकारले निश्चित उमेर समूहसम्मका बालबालिका, जेष्ठ नागरिक, महिला, लोपोन्मुख जाति तथा अपाङ्गता भएका नागरिकको सम्भावित जोखिमको न्यूनीकरण गर्न आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक सहयोगका निम्ति सामाजिक सुरक्षा कार्यक्रम संचालनमा ल्याएको हो।



- यो सामाजिक सुरक्षा सम्बन्धी हकको संरक्षण गर्न राज्यको आन्तरिक स्रोतबाट व्यवस्था गरिएको गैर योगदान मुलक कार्यक्रम हो।
- नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता लिने सुविधा, सबै नागरिकको पहुँचमा पुऱ्याउन सबै स्थानीय तहका वडास्तरमा दर्ता शिविर संचालन गरिरहेको छ।

### लाभग्राहीले नाम कहिले र कहाँ दर्ता गराउने ?

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि तपशिल बमोजिमका मापदण्ड पुगेका नेपाली नागरिकले आवश्यक कागजात सहित दर्ता शिविर वा वडा कार्यालयमा निवेदन दर्ता गराई सामाजिक सुरक्षा परिचय पत्र लिन सकिन्छ।



" सामाजिक सुरक्षा कार्यक्रमबारे सम्भावित लाभग्राहीलाई जानकारी गराऔं। "

### सामाजिक सुरक्षा भत्ताको लिम्ति आवश्यक मापदण्ड

| लक्षित समुह | उपसमूह/रकम (मासिक भत्ता) | मापदण्ड (नेपाली नागरिक) | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता | ७० वर्ष माथिका सबै नेपाली नागरिक रु 3000 | ➢ उमेर ७० वर्ष भन्दा माथि | ➢ नेपाली नागरिकता प्रमाणपत्र |
| | जेष्ठ नागरिक दलित रु २000 | ➢ उमेर ६० वर्ष भन्दा माथि<br>➢ राष्ट्रिय दलित आयोगमा दलित भनी सुचिकृत जाति | ➢ नेपाली नागरिकता प्रमाणपत्र र दलित जाती खुल्ने प्रमाण |
| | जेष्ठ नागरिक एकल महिला रु २000 | ➢ उमेर ६० वर्ष माथि, अविवाहिताको प्रमाण वा अदालतबाट भएको सम्बन्ध विच्छेद र न्यायिक पृथकीकरण भएको प्रमाण | ➢ नेपाली नगरिकता प्रमाणपत्र<br>➢ अविवाहिता प्रमाण वा अदालतबाट भएको सम्बन्ध विच्छेद र न्यायिक पृथकीकरण भएको प्रमाण |
| | जेष्ठ नागरिक क्षेत्र तोकिएका रु २000 | ➢ उमेर ६० वर्ष माथि, नेपाल सरकारले तोकेका क्षेत्र भित्र परेका। | ➢ नेपाली नागरिकता प्रमाणपत्र, बसाई सरी गएको भएमा बसाई सराई प्रमाणपत्र |
| असहाय एकल महिला भत्ता | विधवा रु २000 | ➢ पतिको मृत्यु दर्ता भएका, अर्को विवाह नगरेको प्रमाण | ➢ नेपाली नागरिकता प्रमाणपत्र, पतिको मृत्यु दर्ता प्रमाणपत्र,<br>➢ अर्को विवाह नभएको प्रमाण |
| अपाङ्गता भत्ता | पूर्ण अशक्त अपाङ्गता रु 3000 | ➢ पूर्ण अशक्त अपाङ्गता भएका (प्रचलित कानुन बमोजिम क बर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको)। | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि ) वा जन्म दर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष मूनी ,<br>➢ क बर्गको अपाङ्गता परिचयपत्र |
| | अति अशक्त अपाङ्गता रु १६00 | ➢ नेपाली नागरिक, अति अशक्त अपाङ्गता भएका (प्रचलित कानुन बमोजिम 'ख' बर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको)। | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि) वा जन्म दर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष मुनी ,<br>➢ क बर्गको अपाङ्गता परिचयपत्र |
| बाल पोषण भत्ता | अति विपन्न तथा क्षेत्र तोकिएका रु 800 | ➢ ५ वर्ष उमेर पुरा नगरेका, सम्बन्धित वडा कार्यालयमा जन्म दर्ता गराएको,<br>➢ नेपाल सरकारले क्षेत्र तोकेका जिल्ला र देशभरका दलित बालबालिका। | ➢ आमा, बाबु वा संरक्षकको नागरिकताको प्रमाणपत्र, बालबालिकाको जन्मदर्ता प्रमाणपत्र |
| लोपोन्मुख जाति | कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लेप्चा, कुसबडिया (पत्थरकट्टा, सिलकट्टा, कुहबडिया, कुचबडिया) का आदिवासी नागरिकका सबै परिवारका सदस्यले प्राप्त गर्ने। रु 3000 | ➢ सामाजिक सुरक्षा ऐन, २०७५ को अनुसूचिमा उल्लेखित जाति | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा कम भएमा जन्म दर्ताको प्रमाणपत्र<br>➢ लोपोन्मूख जाति खुल्ने प्रमाण |

नोट: यसबारे थप जानकारी सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६ बाट प्राप्त गर्न सकिनेछ।

## संस्थागत विकास तथा प्रस्तावना लेखन सम्बन्धि तालिम

नगर भित्रका समुह, समिति र सहकारीको संस्थागत विकास गर्न र प्रस्तावना लेखनमा क्षमता विकास गर्न मुसिकोट नगरपालिकाले संस्थागत विकास तथा प्रस्तावना लेखन सम्बन्धि तालिम सम्पन्न गरेको छ।



माघ २७ गते देखि २९ गते सम्म तीन दिने तालिम सञ्चालन गरेको नगरपालिकाले संस्थाको विकास र कार्यक्रमका लागि प्रस्ताव तयार गर्ने जनशक्ति तयार गर्न तालिम आयोजना गरिएको जनाएको छ। नगरपालिकाको महिला, बालवालिका तथा जेष्ठ नागरिक शाखामा कार्यरत सहायक महिला विकास निरिक्षक कमला मल्लका अनुसार महिला समुह, समिति र सहकारीका ४० जना पदाधिकारीहरूलाई उक्त तालिम दिईएको हो। समुह, समिति र सहकारीले आफ्नो संस्थाका लागि कार्यक्रमको प्रस्तावना बनाउनुपर्दा विभिन्न व्यक्ति तथा निकायमा पुगेर हारगुहार गर्नु परेको, अनावश्यक आर्थिक दायीत्व बेहोर्नु परेको, समयमै तयार गर्न नसकेको लगायतका समस्याहरू भ्रेलेको गुनासो आउने गरेको र ती गुनासोहरू सम्बोधन गर्दै समस्या समाधान गर्न तालिम आयोजना गरिएको सहायक महिला निरिक्षक मल्लले जनाउँनुभयो। उहाँले अब उप्रान्त प्रस्तावना समेत आफै लेख्न सक्ने क्षमता प्रदान विकास गरिएको उल्लेख गर्नुभयो।

तालिम पश्चात सहभागीहरूले आफ्नो संस्थाको योजना बनाउन, दैनिक प्रशासनिक कार्य संचालन गर्न, उद्धेश्य अनुसारका गतिविधि संचालन गर्न र कार्यक्रमहरूको लागि आफै प्रस्ताव तयार पार्न सक्षम भएको प्रतिक्रिया दिएका छन्। तालिमको सहजिकरण नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत नरवीर खड्का, कानुन अधिकृत ललितबहादुर बुढा र खरिदार लोकबहादुर केसीले गर्नु भएको थियो।

## ९ नम्वरमा २ दिने स्वास्थ्य शिविर हुने

मुसिकोट नगरपालिका वडा नम्वर ९ को कार्यालयले २ दिने निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ। फागुन महिनाको ७ र ८ गते स्थानीय होल्तारामा २ दिने निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको वडा अध्यक्ष नविन ओलीले जानकारी दिनुभयो।

माघ २७ गते वडा अध्यक्ष नविन ओलीको अध्यक्षतामा वडा कार्यालयमा बसेको सर्वपक्षिय बैठकले शिविर सञ्चालन गर्ने निर्णय गरेको हो। शिविरमा निःशुल्क आँखा, नाक, कानको चेक जाँच तथा उपचार, रगत जाँच सेवा प्रदान गरिने जनाईएको छ। त्यसका साथै ३५ वर्ष देखि माथिका व्यक्तिहरूको मधुमेह, रगत र खकार चेक जाँच तथा उपचारका साथै चौखावाङ स्वास्थ्य चौकी मार्फत नियमित प्रदान हुने सेवा प्रवाह समेत गरिने वडा कार्यालयले उल्लेख गरेको छ।

वडाका सबै नागरिकलाई लक्षित गरेर निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको वडा अध्यक्ष ओलीले जानकारी दिनुभयो। उहाँका अनुसार कोरोना भाइरसलाई मध्यनजर गर्दै वडामा रहेका टोल तथा बस्तीहरूलाई दुई भागमा विभाजन गरेर ७ गते (पहिलो दिन) केहि टोलका सेवाग्राही र ८ गते (दोस्रो दिन) केहि टोलवासीलाई सेवा दिनेगरी व्यवस्था मिलाइने छ। पहिलो दिन नमूना टोल चौखावाङ, स्वारा कुन्सीम्ला टोल, होल्तारा र अदुवारी टोलका नागरिकलाई र दोस्रो दिन कामीगाउँ टोल र होल लिङ्गुर टोलका नागरिकलाई बिहान १० बजे देखि अपरान्ह ४ बजेसम्म सेवा प्रदान गरिने छ।

रोग लुकाएर बसिरहेका वडावासी तथा उपचारका लागि स्वास्थ्य संस्थासम्म पुग्न नसकेका वडावासीहरूलाई लक्षित गरेर वडामै निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको वडा सचिव टेकबहादुर रोकायले जानकारी दिनुभयो। शिविरबाट आर्थिक अवस्था कमजोर भई उपचार गराउन नसकेकाहरूलाई विशेष लाभ प्राप्त हुने उहाँको भनाई छ। शिविर संचालनका लागि आँखा उपचार केन्द्र सल्ले, भ्रुल्खेत प्रयोगशाला सेवा केन्द्र, चौखावाङ स्वास्थ्य चौकी र साभ्ता मुराल हस्पिटलको समेत प्राविधिक सहयोग रहने वडाले जनाएको छ। वडा कार्यालयले शिविरमा उपस्थित भई निशुल्क सेवा लिन सबै वडावासीलाई अनुरोध समेत गरेको छ।

## माघमा भ्रण्डै ८ लाख उठ्यो राजश्व

मुसिकोट नगरपालिकामा माघ महिनामा मात्र भ्रण्डै ८ लाख राजश्व संकलन भएको छ। नगरपालिकाले ब्यवसाय दर्ता तथा नविकरण, सम्पति कर, प्रशासनिक सेवा शुल्क, नक्शा पास तथा व्यक्तिगत घटना दर्ता शुल्क लगायतका सेवावापत माघ महिनामा मात्र ७ लाख ८२ हजार नौ सय ५७ राजश्व संकलन गरेको हो।

नगरपालिकाको राजश्व शाखाले व्यबसाय दर्ता तथा नविकरणबाट ८१ हजार दुई सय ५०, सम्पत्ति करबाट एक लाख ३९ हजार ६ सय १८ र घरबहाल करबाट १ लाख ८२ हजार पाँच रूपैयाँ राजश्व संकलन गरेको छ। त्यसैगरि प्रशासनिक सेवा शुल्क तथा दण्ड जरिवानाबाट एक लाख ८० हजार ६ सय ३४, नक्शापास दस्तुरबाट ९४ हजार आठ सय ४०, सिफारिस दस्तुर १५ हजार चार सय ३०, ब्यक्तिगत घटना दर्ता शुल्कबाट पाँच हजार सात सय ५०, प्रदुषण नियन्त्रणबाट ७० हजार चार सय ३० र अन्य सेवा शुल्कबाट १३ हजार रूपैयाँ राजश्व संकलन गरेको राजश्व शाखाले जनाएको छ।

अघिल्ला महिना भन्दा भ्रण्डै २ लाख बढि राजश्व संकलन भएको नगरपालिकाको राजश्व शाखा प्रमुख प्रेमबहादुर खड्काले बताउँनुभयो।

गर्न आँउनु, व्यवसायीहरूले आफ्नो व्यवसायबाट सरकारी कारोबाका लागि व्यवसाय नविकरण गर्नु र राजश्व असुलीका लागि थप सक्रियता बढाएकोले अघिल्ला महिना भन्दा झण्डै २ लाख बढि राजश्व संकलनमा बृद्धि भएको शाखा प्रमुख खड्काको भनाई छ।

## समितिका पदाधिकारीलाई अभिमुखीकरण

मुसिकोट खलंगा स्वास्थ्य चौकीमा दुई दिने क्षमता विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। स्वास्थ्यका लागि सक्षम प्रणालीको आर्थिक सहयोगमा मुसीकोट नगरपालिकाले मुसिकोट खलंगा स्वास्थ्य चौकीमा दुई दिने क्षमता विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको हो।

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनमा मद्दत पुर्‍याउने उद्देश्यले क्षमता विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख मानबहादुर खत्रीले जानकारी दिनुभयो। कार्यक्रममा मुसिकोट खलंगा स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष एवम् ३ नम्बर वडा अध्यक्ष भिमबहादुर खड्का लगायत समितिका सम्पूर्ण पदाधिकारीहरूको सहभागिता रहेको थियो। माघ २० र २१ गते सञ्चालित अभिमुखीकरण कार्यक्रमको सहजिकरण मुसीकोट नगरपालिका अन्तर्गतको स्वास्थ्य शाखाका प्रमुख मानबहादुर खत्री, स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम)का जनस्वास्थ्य अधिकृत कालीबहादुर ओली र स्वास्थ्यका लागि सक्षम प्रणालीका प्राविधिक अधिकृत चंख बिष्टले गर्नुभएको थियो।

## साढे ४ लाख बराबरको स्वास्थ्य सामाग्री सहयोग

मुसिकोट नगरपालिकाका एक व्यक्तिले भलाक्चा स्थित स्वास्थ्य चौकीलाई साढे ४ लाख बरावरको स्वास्थ्य सामाग्री सहयोग गर्नुभएको छ। नगरपालिकाको ११ नम्बर वडा निवासी खेम पुनले आफ्नो वडामा रहेको भलाक्चा स्वास्थ्य चौकीलाई ४ लाख ५० हजार रूपैयाँ बराबरको स्वास्थ्य सामाग्री खरिद गरि सहयोग गर्नु भएको हो।

पुनले बेल्जीयमी नागरिकको सहयोगमा स्वास्थ्य चौकीलाई आवश्यक पर्ने डेलीभरी बेड, डेलीभरी सेट, ड्रेसिङ सेट, आइ.भी स्ट्याण्ड, स्ट्रेयर, फ्रिज, पिपि सेट, प्लाष्टिक कुर्सी, काठको खटिया, स्टील दराज, पानी छान्ने फिल्टर, प्लाष्टिक बाटा, प्लाष्टिक बाल्टीन, सिरक, डसना, तन्ना, पर्दा, अफिस टेबल, घुम्ने कुर्सी लगायतका सामाग्री सहयोग गर्नुभएको हो।

माघ ८ गते बिहिबारका दिन एक कार्यक्रमको आयोजना गरि नगरपालिकालाई स्वास्थ्य सामाग्री तथा अन्य आवश्यक सामाग्री हस्तान्तरण गरिएको हो। भलाक्चा स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष एवम् वडा नम्बर ११ का वडा अध्यक्ष पदमबहादुर पुनको अध्यक्षतामा र नगर प्रमुख देविलाल गौतमको प्रमुख आतिथ्यतामा स्वास्थ्य सामाग्री हस्तान्तरण कार्यक्रम आयोजना



कार्यक्रममा उप-प्रमुख प्रेम कुमारी सुनार, स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरिक्षक बेदाराम ओली, वडामा रहेका सम्पूर्ण जनप्रतिनीधिहरू, भलाक्चा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरू, बिद्यालयका प्रधानाध्यापकहरू, स्थानीयवासी लगायतको सहभागिता रहेको थियो।

सोहि कार्यक्रममा स्वास्थ्य चौकीलाई सहयोग गर्ने स्थानीय खेम पुनलाई नगरपालिकाले र स्वास्थ्य चौकीले सम्मान समेत गरेका थिए। आफ्नो ठाउँको स्वास्थ्य सस्थालाई महत्वपूर्ण सहयोग जुटाउने पुनलाई दोसल्ला र अविरावरण सहित सम्मान गरिएको हो। उहाँको सहयोगी मनको प्रशंसा गर्दै नगर प्रमुख गौतमले पवित्र मनले सेवा गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन समेत गर्नुभयो।

## विद्यालय भवनको उद्घाटन

मुसिकोट नगरपालिका वडा नम्वर ११ को खर्चिबाङमा रहेको बालचेतना आधारभूत विद्यालयको भवन उद्घाटन गरिएको छ। आधारभूत विद्यालय भवनको निर्माण कार्य सम्पन्न भएपछि माघ ९ गते शुक्रबार औपचारिक रूपमा भवनको उद्घाटन गरिएको हो। नगर प्रमुख देबीलाल गौतमले रिबन काटेर उक्त भवनको उद्घाटन गर्नु भएको हो।

बालचेतना आधारभूत विद्यालयको नव निर्मित भवनको उद्घाटन गरेसँगै बालवालिकाहरूको बसाई ब्यवस्थापन तथा कार्यालय ब्यवस्थापनमा थप सहज हुने, शैक्षिक अवस्थामा उल्लेख्य परिवर्तन हुने प्रधानाध्यापक ओपेन्द्र बिसीले जानकारी दिनुभयो। यसअघि जिर्ण र सानो भवन रहेको उक्त बिद्यालयमा साँघुरो कोठामा पढाइ सञ्चालन हुदै आएको थियो। उद्घाटन कार्यक्रममा नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत नरवीर खड्का, सामाजिक विकास समिति संयोजक शुसिल गौतम, ११ नम्बर वडा अध्यक्ष पदम बहादुर पुन, ११ नम्बर वडाका सबै जनप्रतिनीधिहरू, राजनैतिक दलका प्रमुख तथा प्रतिनीधिहरू, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत स्थानीयवासीको सहभागिता रहेको थियो।

भवन उद्घाटन कार्यक्रम बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष



सञ्चालन स्थानीय खड्कबहादुर केसीले गर्नुभएको थियो । उक्त दिन सोहि वडामा रहेको बेथखोला - छिप्रेपानी - खर्चिबाङ सडक खण्डको पनि उद्घाटन गरिएको छ ।

## लैंगिक हिंसा निवारण कोष सञ्चालन तथा व्यवस्थापन समिति गठन

मुसिकोट नगरपालिकामा लैंगिक हिंसा निवारण कोष सञ्चालन तथा ब्यवस्थापन समिति गठन गरिएको छ । माघ १२ गतेका दिन नगर प्रमुख देविलाल गौतमको अध्यक्षतामा सम्पन्न बैठकले उप-प्रमुख प्रेम कुमारी सुनारको अध्यक्षतामा पछि १ जना थप्ने गरि ९ सदस्यीय लैंगिक हिंसा निवारण कोष सञ्चालन तथा ब्यबस्थापन समिति गठन गरेको हो ।

समितिको सदस्यहरूमा निमित्त प्रमुख प्रशासकिय अधिकृत नरवीर खड्का, सामाजिक विकास समिति संयोजक एवम् ५ नम्वर वडा अध्यक्ष शुसिल गौतम, स्वास्थ्य शाखा संयोजक मानबहादुर खत्री, सह लेखापाल केदार शर्मा, नेपाल पत्रकार महासंघका उपाध्यक्ष मनिषा केसी र जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम)का प्रहरी जवान सरस्वती कार्की रहनु भएकोछ । समितिको सदस्य सचिवमा महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखाका सहायक महिला विकास निरिक्षक कमला मल्ल रहनुभएको छ । बैठकले पछि थप्न सकिने १ जना सदस्य पनि लैंगिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने संघ संस्थाहरूबाट प्रतिनिधित्व हुने गरि समितिका अध्यक्ष एवम् नगर उप-प्रमुख प्रेम कुमारी सुनारले मनोनयन गर्न सक्ने निर्णय गरेको छ ।

नगरपालिकाले यहि माघ ६ गते लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७ पारित गरेको थियो । सोहि कार्यविधिमा भएको व्यवस्था अनुसार समिति गठन गरिएको नगर प्रमुख देबिलाल गौतमले जानकारी दिनुभयो । महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयले लैंगिक हिंसा निवारण कोष सञ्चालन तथा ब्यवस्थापनका लागि एक लाख रकम उपलब्ध गराएको छ । सो रकम यहि समितिको मातहतमा रहि गतिविधि गरिने छ । उक्त रकमको लागि यस समितिले नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत नरवीर खड्का र सह लेखापाल केदार शर्माको नामबाट संयुक्त खाता सञ्चालन गर्ने पनि निर्णय गरको छ । बैठकले लैंगिक हिंसा निवारण सम्बन्धी रकम जम्मा गर्न चाहेमा उक्त खातामा रकम जम्मा गर्न पनि जनाएको छ ।

## पापीनी मेलाको अवसरमा भलिबल र ब्याड्मिन्टन

रुकुम पश्चिमको मुसिकोट नगरपालिका वडा नम्वर ७ साँखमा हरेक बर्ष लाग्दै आएको पापीनी मेलाको अवसरमा आयोजित भलिबल र ब्याड्मिन्टन प्रतियोगिता सम्पन्न भएको छ । मेलाको अवसरमा आयोजित पुरुष खुला वडा स्तरिय भलिबलको उपाधि बाग्लुङ निसिखोलाले जितेको छ । स्थानीय पापीनी मेलाका अवसरमा आयोजित भलिबल खेल अर्न्तगत माघ १८ गते भएको फाईनल भलिबल खेलमा रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका वडा नम्वर ८ लाई ३-० को सोझो सेटमा पराजित गर्दै बाग्लुंगको निसिखोला गाउँपालिका वडा नम्वर २ ले उपाधि हात पारेको हो ।

निसिखोलाले खेलको पहिलो र दोस्रो सेट समान २० का विरुद्ध २५ ले र तेस्रो सेट १८ का विरुद्ध २५ ले आफ्नो हातमा पार्दै नगद ५१ हजार सहित कप जित्न सफल भएको छ । फाईनलमा पराजित भएको त्रिवेणी गाउँपालिका वडा नम्वर ८ उप-विजेता बनेको छ । उसले नगद २६ हजार र ट्रफि हात पार्दा तेस्रो भएको रुकुम पूर्वको सिस्ने गाउँपालिका वडा नम्वर ८ ले भने नगद १६ हजार र ट्रफि प्राप्त गरेको आयोजक ठुली दह युवा क्लवका अध्यक्ष दिपेन्द्र बुढाले जानकारी दिनुभयो । उहाँका अनुसार तेस्रो स्थानका लागि भएको खेलमा सानीभेरी गाउँपालिका वडा नम्वर ३ लाई ३-१ को सेटमा पराजित गर्दै सिस्नेको वडा नम्वर ८ तेस्रो भएको हो । प्रतियोगितामा रुकुम पश्चिम सहित, रुकुम पूर्व, रोल्पा, बाग्लुङका विभिन्न समुह गरेर १९ वटा वडा स्तरिय टिमले सहभागिता जनाएका थिए ।

त्यस्तै मेलाको अवसरमा आयोजित खुला पुरुष डबल ब्याड् मिन्टन प्रतियोगितामा अनिल बुढा र ध्रुवबिक्रम थापाको जोडी पहिलो भएको छ । १८ गते भएको फाईनल खेलमा रुकुम पश्चिमकै डम्बर थापा र जनक खड्काको जोडीलाई २-० को सोझो सेटमा पराजित




गर्दै अनिल र ध्रुवको जोडी पहिलो भएको हो । पहिलो हुनेले नगद १५ हजार र ट्रफि प्राप्त गर्दा दोस्रो हुने जोडीले नगद ८ हजार ट्रफि प्राप्त गरेको छ । प्रतियोगिताको सेमिफाईनलमा पुग्ने विशाल बिष्ट र अविनाश केसी तथा नरेन्द्र बोहरा र ज्वालासिंह खड्काको जोडीले भने समान ३/३ हजार नगद प्राप्त गरेका छन् । प्रतियोगितामा रुकुम पश्चिम सहित रुकुम पूर्व र सल्यानका गरी ३० जोडीले प्रतिश्पर्धा गरेका थिए ।

परम्परागत रूपमा लाग्दै आएको पापिनी मेलाको अवसरमा यो वर्ष स्थानीय ठुली दह युवा क्लवले भलिबल र ब्याड्मिन्टन प्रतियोगिता आयोजना गरेको थियो । हरेक वर्ष मेलाको अवसरमा विभिन्न खेलकुद र सांस्कृतिक कार्यक्रमहरू हुँदै आएका छन् । माघ १४ गतेबाट सुरु भएका प्रतियोगिताहरू १८ गतेमात्र सम्पन्न भएका थिए । मेलाको अवसरमा पापीनी नाच सहित अन्य स्थानीय झाँकीहरू समेत प्रदर्शन भएको आयोजकले जनाएको छ ।

## ३ दिने अभिमुखीकरण सम्पन्न

मुसिकोट नगरपालिकामा गुनासो सुनुवाई व्यवस्थापन तथा डिजिटाइजेशन सम्बन्धी अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सेवा इकाई केन्द्रको आयोजनामा गुनासो सुनुवाइ ब्यवस्थापन तथा डिजिटाइजेशन सम्वन्धी ३ दिने अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको हो ।

आधुनिक प्रविधिका माध्यमबाट वडास्तरमा हुने सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता सम्बन्धी सेवाग्राहीले भोग्नु परेका समस्याको गुनासो ब्यबस्थापन गर्ने उद्देश्यले अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको शाखा प्रमुख चाँदनी महताराले जानकारी दिनुभयो । कार्यक्रममा नगरपालिकाका उप-प्रमुख प्रेमकुमारी सुनार, निमित्त प्रमुख प्रशासकिय अधिकृत नरवीर खड्का र सुचना प्रविधि अधिकृत गोपाल ओलीले प्रशिक्षण दिनुभएको थियो । नगरपालिकाको सभाहल सेरीगाउँमा सम्पन्न अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रमको सहजिकरण राष्ट्रिय पञ्जीकरण शाखाका



एम.आइ.एस. कम्प्युटर अपरेटर जनक बोहराले गर्नुभएको थियो ।

माघ २९ गतेदेखि फागुन १ गतेसम्म सञ्चालित अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रममा स्थानीय आयोजना समन्वय समितिका पदाधिकारीहरू, नगरपालिका अन्तर्गतको गुनासो सुनुवाइ समितिका पदाधिकारीहरू, वडास्तरीय गुनासो सुनुवाइ समितिका पदाधिकारीहरू, शाखाका कर्मचारीहरू र सेवा प्रदायक संस्थाका प्रतिनीधिहरूको सहभागिता रहेको थियो ।

## स्वास्थ्यकर्मीहरुलाई बृहत पोषण विशेष प्याकेज

जिल्लाको मुसीकोट नगरपालिकामा स्वास्थ्यकर्मीहरूका

भएको छ। नगरपालिका अन्तर्गत स्वास्थ्य शाखाको आयोजनामा स्वास्थ्यकर्मीहरूका लागि बृहत पोषण बिशेष प्याकेज सम्बन्धी ७ दिने तालिम सम्पन्न भएको हो ।

नगरक्षेत्रका वालवालिकामा हुन सक्ने कुपोषणलाई मध्यनजर गरि त्यस्ता वालवालिकाको खोजी गर्न र कुपोषणबाट तिनिहरूलाई कसरी मुक्त गराउन सकिन्छ भन्ने बारेमा छलफल गर्न स्वास्थ्यकर्मीहरूका लागि बृहत पोषण बिशेष प्याकेज तालिमको आयोजना गरिएको स्वास्थ्य शाखाका प्रमुख मान बहादुर खत्रीले जानकारी दिनुभयो । माघ १२ गतेदेखि १८ गतेसम्म सञ्चालित तालिममा नगरपालिकाभित्रका स्वास्थ्य चौकी इन्चार्ज, स्वास्थ्य र पोषणको क्षेत्रमा कार्यरत कर्मचारीहरू लगायतको सहभागिता रहेको थियो । तालिमको सहजिकरण स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम)का जनस्वास्थ्य अधिकृत कालीबहादुर ओली, मुसिकोट नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख मानबहादुर खत्री, स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक वेदाराम ओलीले गर्नु भएको थियो ।




## मुसीकोटमा शहिद दिवस मनाइयो

हरेक बर्ष माघ १६ गते मनाउँदै आएको शहिद दिवसको अवसरमा मुसिकोट नगरपालिकाको ५ नम्बर वडा स्थित सेरीगाउँमा रहेको शहिद पार्कमा शहिद दिवस मनाएको छ ।

इतिहासको बिभिन्न कालखण्डमा देश र जनताका लागि आफ्नो ज्यानको आहुती गर्नुहुने सम्पूर्ण शहिदहरूको स्मरण गर्दै शहिदको शालिक र फोटाहरूमा अबिर तथा माल्यार्पण गरि शहिद दिवस मनाइएको नगर प्रमुख देविलाल गौतमले जानकारी दिनुभयो । कार्यक्रममा कर्णाली प्रदेशका माननीय सभासद् गोपाल शर्मा, रातो कामी, देबी ओली, जिल्ला समन्वय समितिका प्रमुख राजकुमार शर्मा, उप प्रमुख इन्दीरा बुढा मगर, जिल्ला स्थित स्थानीय तहका प्रमुखहरू, उप प्रमुखहरू, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रिय सदस्य बसन्त कुमार शर्मा, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)रुकुम (पश्चिम) का सचिब बिमल कुमार पुन, लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरू र स्थानीयवासीको सहभागिता रहेको थियो । नगर प्रमुख शर्माका अनुसार नेपाली कम्युनिष्ट आन्दोलनका हस्ती शहिद कामी बुढा र रुकुमेली कम्युनिष्ट आन्दोलनका संस्थापक नेता शहिद स्कन्द शर्माको


## मानव स्वास्थ्य र दीर्घायुको लागि 'पापीनी' बिहे

हरेक बर्ष मध्य माघमा साँख एउटा गाउँमा एउटा काल्पनिक बिवाह उत्सव मनाउने गरिन्छ। मानव स्वास्थ्य र दीर्घायूका निम्ती भन्दै मुसीकोट नगरपालिका वडा नम्वर ७ मा रहेको साँख गाउँमा परम्परागत रूपमा तलीगाँउ र माथीगाउँका चेलीहरूलाई बेहुला र बेहुलीका रूपमा सिंगारेर काल्पनिक विवाह सम्पन्न गर्ने चलन छ। सुन्दर साँखगाउँको बिचमा रहेको साँख दहको माथि पट्टीको गाउँलाई माथीगाउँ भनिन्छ भने तलपट्टीको गाउँलाई तलिगाउँ।



माघ १५ को राती दह छेउमा एउटा नाटकीय विहे गराउने परम्परा छ। बेहुला र बेहुली बनाउन हरेक बर्ष दुई गाउँले आलोपालो गर्छन्। यहि विवाह उत्सवसँगै साँखमा 'पापीनी' मेला समेत लाग्ने गरेको छ। उक्त मेला दुई तीन दिन सम्म चल्ने गरेको छ।

किम्बन्दती अनुसार गाउँमा मानिसहरू मर्न थालेपछि एक 'पापीनी' राक्षस्नीको प्रभाव बढेको भन्दै बिहे गरेर पापिनीलाई



गाउँबाट पठाउन कुनै जोगीले सुझाएका थिए। त्यसै बेलादेखि दुई गाउँका गाउँलेहरू मिलेर प्रतिकात्मक रूपमा किशोरीहरूलाई 'पापीनी' बनाएर बिहे गरिदिन थालेका हुन्। गाउँको रितिरिवाज चलाउँने कन्याहरू मध्ये तलीगाउँबाट १५ र माथिगाउँबाट १५ गरी जम्मा ३० जना कन्या पापीनीको भूमिका हुन्छन्। नाटकीय विवाहमा पापीनीको अगुवाईमा सिंगो गाउँ जन्ती र लोकन्तीको रूपमा हिड्छन्।

स्थानीयका अनुसार बेहुला पक्षका पापीनीहरू बेहुली माग्न अर्को गाउँ अर्थात दहको अर्को डिल जान्छन्। त्यसको भोलिपल्ट विवाह उत्सवमा सहभागी हुन्छन्। तलिगाउँ र माथिगाउँका पापीनीहरू दुवै ठाउँमा नाच्छन्। बेहुलापट्टिका थलामा ७ र बुहुलापट्टिका थलामा ५ फन्का नाच्ने चलन छ। जिल्ला सदरमुकाम देखि नजिकै र मध्यपहाडी लोकमार्गको छेवैमा रहेको साँख गाउँमा हरेक बर्ष आयोजना हुने पापीनीको यो विवाह उत्सव अवलोकन गर्न टाढा-टाढाबाट दर्शकहरू आउने गरेका छन्। यस अवसरमा स्थानीयद्धारा विभिन्न खेलकुद गतिविधि समेत आयोजना गर्ने गरिएको छ।

**अनुरोध :** यस नगरपालिकाद्धारा प्रकाशन सुरुवात गरिएको मुसिकोट गतिविधि नामक मासिक बुलेटिनको लागि नगरपालिकाका विभिन्न शाखा, इकाई, वडा कार्यालयहरू र पालिकासंग सहकार्य र समन्वय गरेर गतिविधि गर्ने विभिन्न कार्यालयहरूले सम्पादन गरेका विभिन्न गतिविधिहरूको विवरण हरेक महिनाको २५ गते भित्र नगरपालिकाको सूचना शाखामा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

*–मुसिकोट मासिक बुलेटिन*


## मुसिकोट गतिविधि मासिक बुलेटिन प्रकाशनका लागि

**प्रकाशक :** मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)

**संरक्षक :** देविलाल गौतम (नगर प्रमुख), प्रेम कुमारी सुनार (उप-प्रमुख)

**सल्लाहकार :** नरवीर खड्का (निमित्त प्रमुख प्रशासकिय अधिकृत)

**सम्पादक :** धनकुमार शाही, गोपाल ओली

फोन : ०८८-५३०२६१,